का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ असोज २०८१,
बुधबार
9 October, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २३९ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

# बढ्दै आम्दानी घट्दै गरिबी

नेपालीहरूको औसत आय बढ्दै गएको विभिन्न तथ्यांकले देखाउँछ । समृद्धिको यात्रामा रहेको नेपालको पछिल्लो तथ्यांकले गरिबीको संख्यामा समेत कमी आएको देखाएको छ ।



काठमाडौंको दक्षिणकालीमा मंगललबार बिक्रीका लागि राखेको दाल, गेडागुडीलगायत सामाग्री खरिद गर्दै सर्वसाधारण । तस्बिर : हरिराम भेटुवाल/ रासस

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २२ असोज ।

नेपालीहरूको औसत आय बढ्दै गएको सरोकारवालाहरूले बताएका छन् । मंगलबार राजधानीमा भएको प्रा.डा. तत्व तिम्सिनाद्वारा लिखित 'समृद्धिको अन्तर्वस्तु' पुस्तकको लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरूले औसत आय बढ्दै गएको र गरिबीको अवस्थामा सुधार आएको बिभिन्न तथ्याङ्क प्रस्तुत गरेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीका अनुसार समृद्धिको यात्रामा रहेको नेपालको पछिल्लो तथ्याङ्कले गरिबीको संख्यामा समेत कमी आएको छ । गरिबीको अन्त्य गरी 'समृद्ध विश्व, सुखी मानव जाति' तर्फको यात्रामा विश्व अग्रसर रहेको यही यात्रामा नेपाल पनि रहेको उनले बताए । उनका अनुसार सुख प्राप्ति हरेक प्राणीको चाहना हुन्छ । मानिसहरू सम्मानित तथा सुरक्षित जीवन बाँच्न चाहन्छन् ।

कसैलाई पछाडि नपारिने संयुक्त राष्ट्रसंको संकल्पबमोजिम मानिसले अपमानित नभई सम्मानित, सभ्य र शान्त जीवन बाँच्न पाउनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री ओलीले समृद्धिका कुरा गर्दा वातावरण संरक्षणका कुरामा ध्यान दिनुपर्ने बताए ।

पुस्तकका लेखक त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. तिम्सिनाले प्रधानमन्त्री ओलीद्वारा अघि सारिएको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाक्षाको आलोकमा खुसी र सुखको वैज्ञानिक विश्लेषण पुस्तकमा गरिएको बताए ।

समृद्धि अध्ययन तथा अनुसन्धान केन्द्रद्वारा प्रकाशित पुस्तकमा समृद्धिलाई मन, मस्तिष्क र मनस्थितिका आधारमा विविध सामाजिक र आर्थिक पक्षको लेखाजोखा गरिएको छ । समृद्धिको >>> पृष्ठ २ मा

## डेंगी नियन्त्रणका उपाय

- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने ।
- लामखुट्टेको टोटाईबाट बचने उपायहरु अपनाआउने ।
- डेंगीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# धवलागिरिमा ५ आरोहीको मृत्यु

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं २२, असोज ।

धवलागिरिमा पाँच जना आरोहीको मृत्यु भएको छ । हिमाल आरोहणमा गएका पाँच जनाको मृत्यु भएको पर्यटन विभागले जनाएको छ ।

विभागका अनुसार उनीहरू आइतबार साँझ ११ बजेदेखि सम्पर्कविहीन भएका थिए । करिब ८ हजार मिटर उचाइमा पुगेपछि सम्पर्कविहीन भएका पाँचै जना आरोहीलाई मृत फेला परेको हो ।

पर्यटन विभागका निर्देशक राकेश गुरुङका अनुसार आरोहणका क्रममा ८ हजार मिटर हाराहारीमा पुगेपछि उनीहरू थप अगाडि बढ्न नसक्ने निष्कर्षमा पुगेका थिए । सोही निष्कर्षसहित तल्लो शिविरमा फर्कने निर्णय लिएका थिए । तर, फर्कन समेत नसकर पाँचै जना आरोहीको मृत्यु भएको हो । गुरुङका अनसार आफूहरु फर्कने निर्णयमा पुगेको जानकारी उनीहरुले आफ्ना साथीलाई आधार शिविरमा गराएका थिए । तर, रातको ११ बजेपछि उनीहरुसँगको सम्पर्क टुटेको थियो । सोमबार दिनभर गरिएको खोजी अभियानपछि मंगलबार बिहान उनीलाई प्राणविहिन अवस्थामा फेला पारिएको हो ।

मृतक पाँचै जना आरोही रसियन नागरिक हुन् । रसियाका चर्चित र अनुभवी भएका आरोहीहरू थिए ।

> पर्यटन विभागको सेप्टेम्बर २९ को तथ्यांकअनुसार शरद ऋतुमा धौलागिरि आरोहण गर्न १४ जना आरोहीले अनुमति पाएका थिए । त्यसमध्ये दुई जनाले मात्रै सफल आरोहण गरेका हुन् ।

यस वर्ष कुल १४ जना आरोही धवलागिरि हिमाल आरोहणका लागि गएका थिए ।

दुई समूहमा ७-७ जना आरोही आरोहणमा लागेका थिए । त्यसमध्ये ६ जनाले आरोहण >>> पृष्ठ २ मा

## गोदावरी स्टील उद्योगले निम्त्यायो वातावरणीय समस्या

# मजदुरले पाएनन् चार महिनादेखिको ज्याला




**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २२ असोज ।

गोदावरी स्टील उद्योगको लापरवाहीका कारण रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर ९ मा स्थानीय जनजीवन गम्भीररूपमा प्रभावित भएको छ । प्रदूषणका कारण आँखा पोल्ने समस्यासहित स्वास्थ्यमा विभिन्न समस्या भोग्न बाध्य भएको स्थानीयहरू बताउँछन् ।

उद्योगले दैनिक ५० देखि ९० टन रड उत्पादन गर्दै आएको छ ।

उद्योग सञ्चालकले प्रदूषण नियन्त्रणमा उदासीनता देखाएकाले आम स्थानीय रुष्ट छन् । उद्योगले वातावरणीय मापदण्डको पालना नगर्दा स्थानीय वातावरण र जनस्वास्थ्यमा गम्भीर असर परिरहेको छ ।

वातावरणीय मापदण्ड पूरा नगरी उद्योग सञ्चालन हुँदा स्थानीय बासिन्दाहरूको स्वास्थ्यमा गम्भीर असर पुऱ्याएको छ । उद्योगको सञ्चालनका क्रममा हावा, पानी, र ध्वनि प्रदूषणजस्ता समस्याहरू उत्पन्न भएका छन् ।

हावामा धुलो र रासायनिक पदार्थहरू मिसिँदा श्वासप्रश्वास सम्बन्धी समस्या, आँखा पोल्ने, र छालासम्बन्धी रोगहरू देखिएका छन् । पानीको फोहोर व्यवस्थापन नगर्दा आसपासको जमिन र पानीस्रोतहरू प्रदूषित भएका छन्, जसले खेतीयोग्य जमिनमा पनि नकारात्मक असर पुऱ्याएको छ ।

स्थानीय बासिन्दाहरूले प्रदूषणका कारण बालबालिका र वृद्धवृद्धामा विशेष स्वास्थ्य समस्याहरू देखिन >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# युरोप जाने सपनाले बिल्लीबाठ

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २२ असोज

सुर्खेत भेरीगंगा-२ का धनबहादुर डाँगीलाई वैदेशिक रोजगारका नाममा डेढ वर्ष झुलाएर एक एजेन्ट रकम कुम्ल्याएर बेपत्ता भएका छन् । घरमा आर्थिक अभाव झेलिरहेका २० वर्षीय डाँगी २०७९ फागुनमा वैदेशिक रोजगारीमा गएर पैसा कमाएर अभावले भरिएको जिन्दगीमा केही परिवर्तन ल्याउने निर्णय गर्छन् । वैदेशिक रोजगारमा जाने निर्णय गरेको केही समयपछि छिमेकी नाताले काका पर्ने विपिन खत्रीमार्फत वीरेन्द्रनगर-१२ चनौटे बस्ने २५ वर्षीय वीरबहादुर दर्लामी भनेर चिनिने दिपेश दर्लामीसँग भेट हुन्छ । त्यहीँबाट शुरूवात भएको ठगीको प्रपञ्चले उनलाई अन्तिममा घर न घाटको अवस्थामा पुऱ्याएको छ ।

आफूले वैदेशिक रोजगारमा जाने सोच बनाएको बताएपछि दर्लामीले उनलाई आफ्नो काठमाडौंमा प्रतिष्ठित म्यानपावर कम्पनीसँग राम्रो सम्बन्ध भएको आश्वासन दिन्छन् । त्यति मात्रै नभइ दर्लामीले डाँगीलाई सोही क्षेत्रका ५-६ जनालाई विदेश पठाइसकेको उदाहरण दिएर क्रोएशिया पठाइदिने र होटेलको काममा लगाइदिने आश्वासन दिएका थिए ।

उनले तत्कालै विदेश पठाउने बताएर प्राइम बैंकको खातामा मोबाइल बैकिङमार्फत रकम जम्मा गर्न भनेपछि विदेश जाने हुटहुटीमा रहेका डाँगी कुनै शंका नगरी दर्लामीको खाता नम्बरमा पैसा हाल्न तयार हुन्छन् । दर्लामीले आफ्नो नभइ आमाको खातामा समेत रकम जम्मा गर्न लगाउँछन् ।

डाँगीले शुरुमा दर्लामीलाई मोबाइल बैंकिङमार्फत एक लाख १० रुपैयाँ जम्मा गरिदिन्छन् । सोही दिन उनले थप ५० हजार १० रुपैयाँ र पुनः ६ हजार १० रुपैयाँ गरी १ लाख ५६ हजार ३० रुपैयाँ खातामा जम्मा गर्छन् । आफ्नो खातामा रकम हालेको एक महिनापछि दर्लामीले आफ्नो आमाको खाता नम्बरमा रकम हाल्न लगाएका थिए ।

दर्लामीले ठगिरहेकोबारे आफूले कुनै सुइँकोसम्म पाउन नसकेको डाँगीको भनाइ छ । उनले भने, 'मेरो उहाँसँग निरन्तर कुराकानी भइरह्यो, पहिलो पटक रकम हालेको एक महिनापछि उहाँले फेरि आमाको बैंक खाता नम्बरमा रकम जम्मा गर्न लगाउनुभयो । मैले उहाँकी आमा पुष्पा दर्लामी मगरको खाता नम्बरमा २०७९ चैत २९ गते थप दुई लाख रुपैयाँ जम्मा गरें ।'

दर्लामीले २०८० साल जेठ महिनाको पहिलो वा दोस्रो सातामा विदेश पठाउने आस देखाएर खाली कागजमा ल्याप्चे र सहीछाप गर्न डाँगीलाई बाध्य बनाएका थिए । उनले त्यति मात्रै होइन ब्लड ग्रुप, पासपोर्ट साइजको फोटो र आफ्नो राहदानीसमेत मागेका थिए । दर्लामीले मागेअनुसारका सबै कागजात दिइसकेपछि पनि भनेको समयमा डाँगीलाई वैदेशिक रोजगारमा पठाउन सकेनन् । विदेश नपठाएपछि डाँगीले आफूले दिएको पैसा फिर्ता माग्न शुरु गरे । तर दर्लामीले जसरी भएपनि क्रोएशिया पठाउँछु भन्दै बारम्बार विदेश पठाउने मिति सारिरहे ।

२०८० सालको कात्तिक महिनासम्म पनि उनले विदेश पठाउन नसकेपछि डाँगीले आफ्नो पैसा तत्काल फिर्ता गर्न आग्रह गरे । दर्लामीले आफूसँग नगद रकम नभएको बताउँदै प्राइम बैंक लिमिटेडको चेक लिएर सटही गर्न सुझाव दिएर २०८० चैत १० गते ४ लाख रकमको चेक दिए । तर बैंकमा चेक पेस गर्दा खातामा कुनै पनि रकम नभएको भन्दै बैंकका कर्मचारीले डाँगीलाई खाली हात फिर्ता गरिदिए ।

दर्लामीले पैसा आइहाल्छ भन्दै आफूलाई विश्वास दिलाएको, तर गत वैशाख पहिलो हप्तासम्म पनि रकम जम्मा नभएपछि चेक अनादर अवस्थामा पुग्छ । तर पीडित डाँगीको सोझोपनको फाइदा उठाएर दर्लामीले आफ्नी दिदी उर्मिला दर्लामीको सिटिजन्स बैंकको चेक आफ्नै नाममा काटेर दर्लामीले डाँगीलाई थमाउँछन् । उक्त खातामा पनि रकम थिएन, त्यहाँ पनि डाँगीले धोका पाउँछन् । त्यसपछि दर्लामीले २०८१ साल वैशाख २९ गते भेटेर डाँगीलाई एक महिनाभित्र लिएको रकम दिन नसके वीरेन्द्रनगर-१२ चनौटेमा रहेको उनको आमा पुष्पा दर्लामीको नाममा रहेको >>> पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२३ असोज २०८१, बुधबार
9 October 2024, Wednesday

# गोरक्ष हाट बजारको उद्घाटन, स्वदेशी उत्पादनको बिक्री व्यवस्थापन गर्ने लक्ष्य

**लेखनाथ सिकारू / मध्यान्ह**
काठमाडौं, २२ असोज



विश्व हिन्दु युवा संघ नेपालले शुरु गरेको गोरक्ष हाट बजारको विधिवत् उद्घाटन गरिएको छ । काठमाडौंको बत्तीस पुतलीस्थित प्रदर्शनी स्थलमा होम,यज्ञ गरी वैदिक विधि अनुसार गुरु गोरखनाथको उपस्थितिमा गोरक्ष हाटको उद्घाटन गराइएको हो ।

'खोजी मौलिकताको अभियान समृद्धि'को भन्ने नाराका साथ नेपाली उत्पादनलाई स्वदेशी तथा विदेशी बजारमा लैजाने उद्देश्यले स्थापित गोरक्ष हाटबजारको, उद्घाटन गरिएको बताइएको छ ।

अर्गानिक र नेपाली उत्पादनको बजार प्रवर्द्धन गर्ने उद्देश्यले हाट बजार शुरु गरिएको विश्व हिन्दु युवा संघका अध्यक्ष ऋषिकेशजंग शाहले जानकारी दिए । हाट बजार प्रत्येक हप्ताको शनिबार लाग्ने गरेको छ । बजारमा विभिन्न किसिमका नेपाली उत्पादन सामाग्री बिक्री कक्षमा राख्ने गरिएको छ । उक्त बजारमा नेपाली उत्पदन मात्रै बिक्री गरिने बताइएको छ ।

नेपालको आधारभूत तहमा रही गामघर शहर, तराई, पहाड हिमालका सबै भूगोलबाट देश र जनतासँग जोडिएका मौलिक उत्पादनहरू(स्वदेशी उत्पादन)को बिक्री व्यवस्थापन गर्ने उद्देश्यले स्थापित गोरक्ष प्रालिले काठमाडौंको गौशालामा हाट बजारको शुरु गरेको हो ।

बजारमा गाँजाको तेल, तितेपातीको तेलसहित गाईको गोबरबाट बनेको धुप, गमला, गाँजाबाट बनेको अस्कोट, ब्याग, टोपी, जुत्तासहित अल्लो लगायत विभिन्न उत्पादनहरु पाइन्छन् ।

बिक्री कक्षमा मार्सी चामल , जुम्लाको स्याउ, जौको पिठो, दाल,गेडागुडी, लोकल अचार आदि खरिद गर्न सकिन्छ । उपभोक्ताले हाटको दिन मात्रै नभइ अन्य दिन पनि गोरक्ष मार्टबाट सामान खरिद गर्न सक्ने ब्यवस्थापक पक्षले जानकारी गराएको छ ।

अर्गानिक बस्तु र नेपाली उत्पादन ,संस्कृति र परम्पराको उपभोग गराउने उद्देश्यले प्रेरित उक्त संस्थाले नेपाली उत्पादन उपभोग गर्नाले नेपाली पैसा बाहिर जानबाट रोकिन सहयोग पुग्ने र स्वास्थ राम्रो हुने विश्वास लिइएको छ । संस्थाले नेपाली कफी पिउन पाइने क्याफे सञ्चालन गरेको छ । साथै मिटिङ हल,विवाह, ब्रतबन्ध तथा अन्य समारोहमा भोज भतेर गर्न सकिने गरी सेवा सञ्चालन गरेको अध्यक्ष शाहले जानकारी दिए । युवा संघले हिन्दु धर्मको संरक्षण एवम् सम्वर्द्धन गर्दै विश्व गुरु राष्ट्रका रुपमा नेपाललाई चिनाउने उद्देश्यका साथ स्थापना भएको यो संस्थाले आफ्ना गतिविधिहरुलाई अझ सशक्त ढंगले अगाडि बढाउँदै स्थानीय उत्पादनलाई समेत प्रवर्द्धन गर्दै देशमा भएको युवा पलायनलाई रोक्ने प्रयास गर्ने बताएको छ ।

ज्ञान र मानव सभ्यताको उद्भव भएको संसारको शिर गोरक्षभूमी नेपाललाई विश्वशान्तिको लागि पुनः विश्व गुरुराष्ट्रका रूपमा स्थापित गराउन विश्व हिन्दु युवा संघले अगाडि सारेको ५ (ग) को सिद्धान्त गोरक्षनाथ, गाई, गाउँ, गाँजा (आर्युवेद) र ज्ञान (वेद) लाई आत्मसात् गरी राष्ट्र, राष्ट्रियता, मानवता र विश्वशान्तिको लागि आराध्यदेव पशुपतिनाथलाई साक्षी राखेर मन, वचन र कर्मले योगदान गर्ने अठोट संस्थाले लिएको उद्घाटनको अवसरमा अध्यक्ष शाहले बताए ।

गठित कार्य सम्पादन समितिको बैठकबाट विभिन्न विभागहरू गठन गर्ने समेत केन्द्रीय अध्यक्ष ऋृषिकेशजङ्ग शाहले जानकारी गराएका छन् ।

## बढ्दै...

यात्रामा रहेको नेपालको आर्थिक अवस्थाको समेत चित्रण गरिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले चौथो जीवनस्तर सर्वेक्षण अनुसार हाल नेपालमा गरिबीको रेखामुनिको जनसंख्या २०.२७ प्रतिशत छ। २०६६/०६७ सालमा गरिबीको रेखामुनी रहेको जनसंख्या २५.२ प्रतिशत थियो ।

१२ वर्ष अघिको तुलनामा ५ प्रतिशतले गरिबीको संख्या घटेर २०.२७ प्रतिशतमा आएको हो । सरकारले वार्षिक ७३ हजार रूपैयाँभन्दा कम उपभोग गर्नेलाई गरिबीको रेखामुनी राख्दै आएको छ । खाद्य गरिबी मापन गर्ने क्रममा एक व्यक्तिले प्रतिदिन २२ सय ३६ किलो क्यालोरी प्राप्त गर्नेलाई गरिबीको रेखामाथि राखिएको छ । यस अघि यस्तो क्यालोरी २२ सय २० क्यालोरी थियो ।

मानिसको खाद्यन्नमा लगानी ५३ प्रतिशत हुने गरेको तथ्याङ्क छ । यसअघिको सर्वेक्षणमा ६२ प्रतिशत लगानी गर्ने गरेको पाइएको थियो । पछिल्लो समय जम्मा आम्दानीमा खाद्यन्नमा हुने लगानी नौ प्रतिशतले घटेको छ ।

उपभोगको प्रवृत्तिमा पनि परिवर्तन आएको छ । प्रतिव्यक्ति उपभोग खर्च १२ वर्षमा ६० प्रतिशतले बढेको छ । यसअघि सबैभन्दा न्यून वर्गले वार्षिक २६ हजार खर्च गर्ने गरेका थिए भने अहिले ४४ हजार बढी पुगेको छ।

प्रदेशगत रुपमा सबैभन्दा धेरै गरिबी सुदूरपश्चिम प्रदेशमा देखिएको छ भने सबैभन्दा कम गण्डकीमा देखिएको छ । सहरी गरिबी १८ प्रतिशत र ग्रामीण गरिबी २५ प्रतिशत छ ।

नेपाल अति कम विकसित मुलुकको सूचीबाट विकासशील देशमा स्तरोन्नति हुने चरणमा समेत रहेको छ । न्यून आय भएका र अर्थ-सामाजिक विकास कम भएका देशलाई जनाउने अति कम विकसित देशको सूचीबाट विकासशील देशको सूचीमा दरिने क्रममा रहेको हो ।

नागरिकको प्रतिव्यक्ति आय, आर्थिक जोखिम तथा मानव सम्पत्ति सूचकका तीन मापदण्डमध्ये दुईमा उत्तीर्ण हुने देश विकासशीलको सूचीमा उक्लिन पाउँछन् । यसमध्ये आर्थिक जोखिम र मानव सम्पत्ति सूचकमा नेपालले स्तरोन्नतिको मापदण्ड पूरा गरेको छ ।

## गोदावरी...

थालेको बताएका छन् । ध्वनि प्रदूषणले मानिसहरूको मानसिक स्वास्थ्यमा पनि नकारात्मक प्रभाव पारिरहेको छ ।

सम्बन्धित निकायहरूले यस उद्योगले वातावरणीय मापदण्डहरूको पालन गरिरहेको छ कि छैन भन्ने कुरा कडाइका साथ अनुगमन गर्नुपर्ने र आवश्यक कारवाही गर्नुपर्ने स्थानीयहरूको माग रहेको छ ।

यस्तो माग विगतमा गर्दै आएता पनि सरकार र सरोकारवालाले कम ख्याल गरेको स्थानीयको भनाइ रहेको छ ।

त्यस्तै उद्योग व्यवस्थापनले चार महिनादेखि मजदुरहरूको ज्याला रोकेको छ ।

उद्योगमा कार्यरत् मजदुर हरूले समयमा ज्याला भुक्तानी नहुँदा आर्थिक संकटमा परेका छन् । मजदुरहरूले सञ्चालक एम.पी. सेनुरियामाथि पैसा रोकेर भारतमा लगानी गरिरहेको आरोप लगाएका छन् ।

मजदुरहरूले समयमै पारिश्रमिक नपाएपछि काढेको ऋण तिर्न नसकेको गुनासो गरिरहेका छन् । बेला दशैं-तिहार आइसक्दा समेत मजदुरहरूले ज्याला भुक्तानी नपाउँदा आर्थिक कठिनाइमा परेका छन् ।

## धवलागिरीमा...

गर्न नसकिने भनेर परित्याग गरे । बाँकी ८ जनामध्ये दुई जनाले सफल आरोहण गरेर आधार शिविरमा फर्किइसकेका छन् ।

बाँकी ६ जना आरोहणमा जाँदै गर्दा थप एक जनाले बीच बाटोबाटै आरोहण परित्याग गरेका थिए । आरोहणको अठोट बोकेर अघि बढेका पाँच आरोहीको भने निधन भएको हो ।

विभागका अनुसार प्रतिकुल मौसमका कारण उनीहरुलाई आधार शिविरमा झार्न नसकिएको हो ।

शव काठमाडौं ल्याउने प्रक्रिया अघि बढाइएको छ । म्याग्दी जिल्लामा रहेको धौलागिरी हिमाल सातौं अग्लो हिमाल हो ।

समुद्री सतहबाट यसको उचाइ ८ हजार १ सय ६७ मिटर अग्लो छ ।

पहिलो पटक धौलागिरि सन् १९६० मे १३ मा स्विस-अस्ट्रियाली पर्वतारोही समूहले सफलतापूर्वक आरोहण गरेका थिए ।

पर्यटन विभागको सेप्टेम्बर २९ को तथ्यांक अनुसार शरद ऋतुमा धौलागिरि आरोहण गर्न १४ जना आरोहीले अनुमति पाएका थिए । त्यसमध्ये दुई जनाले मात्रै सफल आरोहण गरेका हुन् ।

## युरोप...

घर जग्गा दिने भनि सोही जग्गाको श्रेस्ता थमाउँछन् । आमा पुष्पाले छोराले लिएको रकम आफूले २ महिनाभित्रमा दिने प्रतिबद्धता जनाउँछिन् । उनले २०८१ भदौ ७ गते २५ दिने भाका राखेर आफू बसेको घर खाली गर्ने र सोही दिन पीडित डाँगीको नाममा जग्गा नामसारी गर्ने बताउँछिन् । तर असोज ७ गते उक्त घरमा जाँदा घरमा कोही पनि नभएको डाँगी बताउँछन् ।

ठगीको रकम हात पारेका दर्लामी असोज ६ गते नै घरका सम्पूर्ण सामानसहित आफ्ना बिरामी आमाबुबालाई लिएर सम्पर्कविहीन भएपछि वैदेशिक रोजगारमार्फत पारिवारिक परिस्थिति सुधार गर्ने सपना देखेका डाँगी समस्यामा परेका छन् ।

---

# श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कीर्तिखम्ब

**दुल्लू न.पा. ७, दैलेख**

## बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना

**प्रकाशन मिति २०८१/०६/२३**

यस श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय किर्तिखम्व दुल्लु ७, दैलेखद्वारा मिति २०८१/०५/११ गते प्रकाशित सूचना अनुसार ठेक्का नं SNRMV/DAILEKH/WORKS/NCB/1/081/82 (Construction of Shree Nepal Rastriya Ma Vi Academic Block and Toilet Block at Dullu Dailekh.) को मिति २०८१/०६/१० गते खोलिएको प्राविधिक प्रस्तावहरु सार्वजानिक खरिद नियमावलि २०६४ को नियम ५९, ६०, ६२ र ६३ बमोजिम मूल्याङ्कन गर्दा नियमअनुसार पाइएको प्राविधिक प्रस्तावमा उत्तीर्ण बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०८१/०६/३० गतेका दिन अथवा सो दिन सार्वजानिक बिदा पर्न गएमा विद्यालय खुलेको दिनको ठिक १२:०० बजे विद्यालयमा खोलिने भएकाले सार्वजानिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ अनुसार सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | सफल बोलपत्रदाताको नाम | परिणाम/नतिजा |
|---|---|---|
| १ | AB Mahabu /DB /Heaven JV | प्राविधिक प्रस्ताव उर्तिण |
| २ | Safal /Kesu JV | प्राविधिक प्रस्ताव उर्तिण |
| ३ | Jesika/Bhumiraj/Daut JV | प्राविधिक प्रस्ताव उर्तिण |
| ४ | MalikaMastaNirmanSewa | प्राविधिक प्रस्ताव उर्तिण |
| ५ | Surya Kamal /Siddhibahan JV | प्राविधिक प्रस्ताव उर्तिण |
| ६ | Nagarik Energy Pvt.Ltd | प्राविधिक प्रस्ताव उर्तिण |
| ७ | NK ThapaConstractionPvt.Ltd | प्राविधिक प्रस्ताव उर्तिण |
| ८ | MM/Pant/Chamunda JV | प्राविधिक प्रस्ताव उर्तिण |
| ९ | Kalinag/ND JV | प्राविधिक प्रस्ताव उर्तिण |
| १० | Suraj /Regmi JV | प्राविधिक प्रस्ताव उर्तिण |
| ११ | R.U/A.B/ Thapa JV | प्राविधिक प्रस्ताव उर्तिण |
| १२ | DB Constraction | प्राविधिक प्रस्ताव उर्तिण |
| १३ | Tamakoshi/ Daimand JV | प्राविधिक प्रस्ताव उर्तिण |
| १४ | Anmol/Betal JV | प्राविधिक प्रस्ताव उर्तिण |

**श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय**
**किर्तिखम्व दुल्लु ७ दैलेख**

---

# Bogatan-Phudsil Rural Municipality
# Office of the Rural Municipal Executive

**Chawarachautara, Doti**

## Invitation for the Bids

**Date of Publication: 2081/06/23**

1. Bogatan-Phudsil Rural Municipality, Office of the Rural Municipal Executive invites electronic bids from eligible bidders for the Construction work for 4CR Building of Kanachaur Ma. Vi (Kanachaur Ma.Vi first-floor Construction works) under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Estimated Amount exclusive of VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 01/BPRM/ NCB/2081/82 | Construction work for 4CR Building of Kanachaur Ma. Vi (Kanachaur Ma.Vi first-floor Construction works) | 30,94,857.36/- | 88,000/- | 3000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Bogatan-Phudsil Rural Municipality office, Email: icto.bogatanmun@gmail.com, may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder May chooses to submit their bid electronically and may download/submit the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Internal Revenue account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank** : **Global IME Bank Ltd.**
**Name of Office** : **Bogatan Phudsil Rural Municipality, Doti**
**Office Account no.** : **13304010000007 (For Bid fee)**
**Office Account no.** : **13304010000004 (For Bid Security)**

**Chief Administrative Officer**

---

# Thalara Rural Municipality
# Office of Rural Municipal Executive

**Kholi, Bajhang, Sudurpashchim Province, Nepal**

## Invitation for Sealed Quotation for the Procurement Goods

**Date of First Publication: 2081/06/23 (October 9, 2024)**

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under Sealed Quotation (SQ) procedures for the procurement of goods mentioned below:

| IFB No. | Description & Location of Work | Estimated Amount (NRs) without VAT | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period (Days from Date of bid opening) |
|---|---|---|---|---|---|
| SQ/TRM/GOODS/ 01/2081/82 | Procurement of Electronics Items and Equipment and supply to the office of Thalara Rural Municipality Bajhang | 15,20,450.00/- | 43,000/- | 1000/- | 45 days |
| SQ/TRM/GOODS/ 02/2081/82 | Procurement of Essential Medicines & Medicinal Items and Supply to the Office of Thalara Rural Municipality Bajhang | 23,64,350.00/- | 60,800/- | 3000/- | 45 days |
| SQ/TRM/GOODS/ 03/2081/82 | Procurement of Office Furniture and Supply to the office of Thalara Rural Municipality Bajhang | 10,29,551.33/- | 29,100/- | 1000/- | 45 days |

Purschase, Submission and Opening:

| Contract | Last Date of Bid Purchase | | Last Date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| thalaramun@gmail.com<br>9843229890 | 2081/07/07 (Oct. 23, 2024) | 17:00 Noon | 2081/07/08 (Oct. 24, 2024) | 12:00 Noon | 2081/07/08 (Oct. 24, 2024) | 14:00 Noon |
| Bank Name & Address | Office Name<br>Account Name | | Revenue a/c Details (Antarik Rajaswa Khata) | | Deposit a/c Details (Dharauti Khata) | |
| | | | Account No. | Account Name | Account No. | |
| Kumari Bank Ltd. Thalara Branch | Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang | | Thalara Ga.pa. Anatrik Rajaswo Khata Ga 1.1 | 1840102612300001 | Thalara Ga.pa. Isthaniya Taha Dharauti Khata Ga 3 | 184010261230016 |

- Tender document shall follow Public Procurement Act 2063 (Latest Amendment) Public Procurement Regulation 2064 (Latest Amendment).
- Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit non-refundable cost of bidding document.
- The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

---

**युएई र साउदीमा रोजगार**

कम्पनी: **BUTEC CO - L.L.C** शहर: **UAE**
पुर्व स्वीकृत मितिः २०८१/०६/२२ चलानी नं.: ६०२२६४६८ L.T. No.: 312002

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician. | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1200 | ४३,८०० | | | | | | | |

कम्पनी: **REEF AL AMAL OPERATION AND MAINTENANCE COMPANY** शहर: **Riyadh**
पुर्व स्वीकृत मितिः २०८१/०६/२२ चलानी नं.: ६०२२६४६७ L.T. No.: 311997

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ३० गते (16 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताप्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch office- 023-536663 | 9801433027 | 9801433031 | 9801433029

# चाडपर्वमा हुने सवारी दुर्घटना न्यूनीकरण गर्न नमुना अभ्यास

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २२ असोज

चाडपर्वमा हुने सवारी दुर्घटनाको उद्धारसँगै न्यूनीकरण गर्न नमुना अभ्यास अर्घाखाँचीमा गरिएको छ । जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालको निर्देशनमा सशस्त्र प्रहरी बल नेपाल नेपाली सेना नेपाल प्रहरीको संयुक्त आयोजनामा सदरमुकाम सन्धिखर्कस्थित नगरपालिका कार्यालय अगाडि सडकमा नमुना अभ्यास गरिएको हो ।



दुर्घटनाका बेला द्रुत उद्धार एवम् घाइतेहरूलाई अस्पताल पुऱ्याउन अभ्यस्त बनाउने उद्देश्यले नमुना अभ्यास गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३६ नम्बर गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक भिमसेन बोहराले बताए ।

अभ्यासका लागि नेपाल प्रहरी, नेपाली सेना जिल्ला प्रशासन सशस्त्रले सहकार्य गरेका हुन् । अर्घाखाँचीमा सडक दुर्घटना बढेको ट्राफिक प्रहरीको तथ्यांकले स्पष्ट पार्छ । सवारी दुर्घटना आफ्ना कारणले मात्र नभइ अरूका कारणले पनि घट्ने भएकोले सवारी साधन चलाउँदा सावधानी पूर्वक चलाउनुपर्छ र सावधानी अपनाउने हो भने दुर्घटना हुँदैन भन्ने सन्देश दिनका लागि यस्ता खालका अभ्यास गर्नुपर्ने जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले बताए ।

पूर्व जानकारी बिना आउने दुर्घटनाले पुऱ्याउने क्षतिको आंकलन नहुने भएकाले दुर्घटना पश्चात उद्धारमा कसरी सहभागी हुने र पेशागत दक्षतालाई समयानुकुल कसरी परिचालन गर्न सकिन्छ भन्ने विषयमा घटना अभ्यासले सहज हुने सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

सुरक्षाकर्मीहरू विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण गर्न सक्षम रहेको श्रेष्ठले स्पष्ट पारे ।

चाडबाडको समयमा सडकमा सवारीको चाप बढ्ने भएकाले दुर्घटना हुनसक्ने प्रबल सम्भावना रहेकोले सवारी साधन चलाउँदा चालकको लापरबाही र सडकको दूराअवस्था नै दुर्घटनाको मुख्य कारण रहेको प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले बताए । सबैले आफ्नो जिम्मेवारी इमान्दारिताका साथ निर्वाह गरे दुर्घटना न्यूनीकरण गर्न सकिने प्रजिअ अर्यालको भनाइ छ ।

घटना अभ्यासका क्रममा देखिएको सीप र कौशलताको प्रशंसा गर्दै घटना प्रतिकार्य अभ्यासले सबै जिम्मेवार निकायको जिम्मेवारी स्पष्ट गर्न मद्दत पुगेको प्रमुख जिल्ला अधिकारी अर्यालले दाबी गरे । नमुना अभ्यासले घटना घट्दा कसरी समन्वय, सञ्चार र उद्धार गर्न जुट्ने लगायतका कुराहरू छर्लङ्ग पारेको प्रहरी नायब उपरीक्षक चक्र बहादुर मल्लले बताए । दुर्घटनाबाट हुने मानवीय तथा जनधनको क्षतिलाई न्यूनीकरण गर्न जिल्ला प्रशासन कार्यालयले सडक सुरक्षा तथा सडक सुधार कार्यक्रम ल्याएको जिल्ला प्रशासन कार्यलय अर्घाखाँचीका सूचना अधिकारी नुमलाल पन्थिले जानकारी दिए ।

# बिपी राजमार्ग : चौकी डाँडामा एकतर्फी अस्थायी सडक निर्माण

**काभ्रेपलाञ्चोक/मस–** बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-६ र रोशी गाउँपालिका-७ सीमास्थल चौकीडाँडामा रोशी खोलाको बाढीले दुई सय मिटर सडक बगाएपछि अवरुद्ध सडक एकतर्फी सञ्चालन हुने गरी निर्माण गरिएको छ । रोशी खोलाको बहावलाई सोझ्याएर खोला किनारमा अस्थायी रुपमा यातायात सञ्चालन हुने गरी निर्माण गरिएको सडक डिभिजन कार्यालय भक्तपुरले जनाएको हो ।



पाँच दिनको अवधिमा उक्त स्थानमा एकतर्फी सवारीसाधन सञ्चालन हुने गरी स्थायी सडक निर्माण गरिएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले जानकारी दिए । उनका अनुसार आवश्यक जनशक्ति तथा उपकरण परिचालन गरी पाँच दिनमा सोमबारदेखि सवारीसाधन सञ्चालनमा ल्याइएको उनले बताए ।

'रोशी खोलादेखि करिब २० देखि ५० मिटरसम्म उचाइमा अवस्थित उक्त स्थानको सडक तलसम्म नै कटान भएको थियो । चौकीडाँडामा एकतर्फी सडक सञ्चालनमा ल्याएका छौं,' कार्यालय प्रमुख योगेशले भने । खोलाको बहाव नघट्दा 'क्रस-डाइभर्ट' गर्न सजिलो र छिटो तरिका अपनाउन नसकिएको उनले बताए ।

अविरल वर्षाका क्रममा यही असोज १२ गते शनिबार उक्त स्थानमा सडकसम्पर्क टुटेपछि रोशी गाउँपालिकाका विपद्पीडित तथा राजमार्ग हुँदै मध्यपहाडी क्षेत्र एवम् पूर्वी तराईबाट आएका यात्रु अलपत्र परेका थिए । त्यसको भोलिपल्टदेखि हेलिकप्टरमार्फत उद्धार थालिएको थियो ।

विभिन्न स्थानमा बाढीले सडक अवरुद्ध बनाएपछि उक्त राजमार्गमा रोकिएका सवारीसाधन सञ्चालन गर्न काभ्रेपलाञ्चोकको भकुण्डेबेसी र सिन्धुलीको नेपालथोकबाट तेमालको सडक मर्मत गरी दुई दिनअघि सञ्चालनमा ल्याइएको थियो । 'कार्यालयले उक्त राजमार्ग सञ्चालनार्थ काभ्रेतर्फबाट चार मेसिन प्रयोग गरेको थियो भने सिन्धुलीको नेपालथोकबाट काभ्रेपलाञ्चोकतर्फ पाँच डोजरलगायत मेसिन प्रयोग गरेको थियो । जनकपुरबाट आएका पाँच मेसिनबाट मंगलटार र नार्केसम्म बाटो मर्मत गरेर केही सवारीसाधनलाई नेपालथोक हुँदै सिन्धुलीतर्फ नै फर्काएको थियो,' कार्यालय प्रमुख योगेशले भने ।

योगेशका अनुसार भकुण्डेदेखि नेपालथोकसम्मको सडक के-कति क्षति भयो भन्ने एकिन तथ्यांक नआए पनि २९ मिलोमिटरको यस दुरीमा करिब दुई किलोमिटर सडक पूर्णरूपमा क्षतिग्रस्त रहेको अनुमान छ । यस्तै राजमार्गको कूल एक सय ६० किमीमध्ये सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किमी र नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किमी गरी ८४ किमी सडकका विभिन्न स्थानमा बढी क्षति पुऱ्याएको कार्यालयले जनाएको छ ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले राजमार्ग सडक निर्माण गर्दा प्रति किमी रु ३५ करोड लागत थियो । उक्त रकम हालको हिसाबमा रु ५० करोडभन्दा माथि पर्नेछ । क्षति पुगेको करिब दुई किमी सडक र अन्य स्थानमा भएको क्षतिको मूल्यांक गर्दा रु दुई अर्बभन्दा माथिको क्षति भएको प्रारम्भिक अनुमान गरिएको जनाइएको छ ।

जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार बिपी राजमार्गको भकुण्डे-नेपालथोक सडकखण्डको १४ स्थानमा करिब एक हजार नौ सय मिटर सडक अवरुद्ध भएको थियो । अवरुद्ध राजमार्गको नेपालथोक-खुर्कोट सडकखण्ड भने असोज १४ गतेदेखि एकतर्फी सञ्चालनमा ल्याइएको छ ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/०५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास एक सय ६० किमी सडक) निर्माण कार्य शुरु गरिएको थियो । विभिन्न खण्डमा विभाजन गरी निर्माण भएको सडक विसं २०७२ असार १८ गते औपचारिक रुपमा नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो । तत्कालीन अवस्थामा जापान सरकारको २६ बिलियन जापानी येन र नेपाल सरकारको एक दशमलव एक बिलियन (जापानी येन) लागतमा उक्त राजमार्ग निर्माण भएको सडक डिभिजन कार्यालय भक्तपुरले जनाएको छ ।

# साहित्यकार अधिकारीको 'प्रवासीको देश हुन्न' बेल्जियममा विमोचन

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २२ असोज

साहित्यकार पंचम अधिकारीको कथा संग्रह 'प्रवासीको देश हुन्न' बेल्जियममा विमोचन गरिएको छ । गैरआवासीय नेपाली संघ बेल्जियमको आयोजनामा साहित्यकार अधिकारीको कर्मभूमी बेल्जियममा कथा संग्रहको गृह विमोचन गरिएको हो । कथा संग्रहको विमोचन गर्दै बेल्जियम तथा युरोपियन युनियनका लागि नेपाली राजदूत गेहेन्द्र राजभण्डारीले लेखकले साहित्यिक नजर र भेदबाट प्रवासीको देश हुन्न भन्दै गर्दा साहित्यिक आख्यानको अर्को पाटोबाट प्रवासीको दुई देश हुन्छ, र बहुआयामिक दायित्व हुन्छ भन्ने सन्देश दिन खोजेको बताए ।



कार्यक्रममा बोल्दै गैरआवासीय नेपाली संघ बेल्जियमकी अध्यक्ष सीता सापकोटा, लेखक तथा स्तम्भकार दिल निशानी मगरले कथा संग्रह पठनीय र संग्रहरणीय रहेको बताए ।

'प्रवासीको देश हुन्न' कथा संग्रहमा घरदेश र परदेशका परिवेशमा बुनिएका १४ कथाको सँगालो रहेको छ । यस संग्रहका कथाहरूमा मातृभूमिको याद, युवावस्थाको पुरानो सम्झना र बहुसंस्कृतिवाद एवम् विश्वबन्धुत्वको परिष्कृत प्राणीदेखि सपनाजस्तै परिदृश्यहरू र सप्तरङ्गी समग्रताको निष्ठामा बाँच्नेहरूको कथा समेटिएको छ ।

अमेरिकामा हुर्केको नेपाली बालकले नेपाल फर्कंदा कायम राखेको 'सानो सेक्रेट', न्युयोर्कबाट फर्केकी अधबैंसे ब्युटिसियन 'नेहा'को बच्चा पाउने रहर, हाइस्कुले आइकन 'लोकल हिरो', गुन्डासँगको प्रेम र ब्रेक-अपमा 'घातक आकर्षण', काठमाडौं एयरपोर्टमा 'प्रवासीको देश हुन्न' भन्ने आत्मज्ञान, प्रवासमा महिलाको यौन शोषण 'तिम्रो लोग्ने खै ?', ढोंगी जीवनको मनोब्लग 'इडियट' लगायतका कथाहरू यस संग्रहमा समेटिएका छन् । शिखा बुक्सले प्रकाशन गरेको अधिकारीको उक्त कृतिको प्रमुख वितरक ज्ञानज्योति पुस्तक पसल काठमाडौं रहेको छ । विगत दुई दशकदेखि बेल्जियम बस्दै आएका आख्यानकार अधिकारीको यो दोस्रो कृति हो । यसअघि अधिकारीको 'पथिक प्रवासन' उपन्यास प्रकाशित छ ।

# रौतहटलाई संकटग्रस्त घोषणा गर्न माग

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ असोज

नेकपा एमाले जिल्ला कार्य समिति रौतहटले विभिन्न माग राख्दै मंगलबार प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ ।




असोज १२ गते आएका भीषण बाढीले जिल्लामा व्यापक रुपमा भौतिक तथा बालीनालीमा क्षति पुऱ्याउँदा पनि नेपाल सरकारले जिल्लालाई अति बाढी प्रभावित जिल्ला घोषणा नगरेकोप्रति गुनासो पोख्दै संकटग्रस्त जिल्ला घोषणा गर्नुपर्ने दबाब सृजना गर्ने उद्देश्यले नेकपा एमालेले प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको हो ।

नेपाल सरकारले १४ जिल्लालाई बाढी पहिरो ग्रस्त जिल्ला घोषणा गर्दा मधेश प्रदेशको रौतहट जिल्लालाई समावेश नगर्दा सरकारको रबैयाप्रति जिल्लाका राजनीतिक दलले आक्रोशित भइ रौतहटलाई पनि संकट ग्रस्त जिल्ला घोषणा गरी बाढी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गरेका हुन् ।

नेकपा एमाले रौतहटका जिल्ला इन्चार्ज अजय कुमार गुप्ताको नेतृत्वमा गएका पार्टीका नेता कार्यकर्ताहरुले प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई ज्ञापन पत्र बुझाएका छन् । ज्ञापन पत्रमा रौतहट जिल्लालाई संकटग्रस्त जिल्ला घोषणा गर्नु पर्ने, रौतहटको गरुडामा रहेको श्रीराम सुगर मिल्सलाई अबिलम्ब सञ्चालन गराउनुपर्ने, बाराको परमानीपुरमा रहेको बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजना कार्यालय रौतहटको गौरमा स्थापना गर्नुपर्ने लगायतको माग उल्लेख गरिएको जिल्ला इन्चार्ज गुप्ताले बताए ।

उनले विपद्को बेला पनि रौतहटसँग गरिएको विभेदको अन्त्य गरी जिल्लालाई सरकारले अभिलम्ब अति बाढी प्रभावित जिल्ला घोषणा गर्नुपर्ने बताए । असोज २० गते कटहरिया सम्पन्न जिल्ला कमिटीको पूर्ण बैठकबाट भएको निर्णय अनुसार ज्ञापन पत्र बुझाइएको हो ।

ज्ञापन पत्र बुझाउने क्रममा जिल्ला अध्यक्ष सचितानन्द साह, पूर्व सांसद रेखा झा, प्रदेश सभा सदस्य राजकिशोर यादव, एमाले नगर अध्यक्ष भैरब पटेल, पूर्व वडाध्यक्ष श्याम सुन्दर पटेल, युवा संघका ओम प्रकाश साहसहितका दर्जनौं नेता कार्यकर्ताको सहभागिता रहेको एमाले पार्टी कार्यालयले जनाएको छ ।

**सिद्धिचरण नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ओखलढुङ्गा**

**औषधी खरिद सम्बन्धी विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२३)**

यस कार्यालयको लागि तपसिल बमोजिमको मालसामान विद्युतीय बोलपत्र (E–Bid) को माध्यमबाट खरिद गर्नु/गराउनु पर्ने भएको हुदाँ तपसिलमा उल्लेखित कार्यको लागि ईच्छुक इजाजत प्राप्त व्यवसायीहरुबाट रीतपुर्वकको बोलपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp र यस कार्यालयको website: https://www.siddhicharanmun.gov.np मा हेर्न समेत सुचित गरिन्छ साथै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**तपसिल**

| ठेक्का नं. संकेत नं. | विवरण | लागत अनुमान (मु.अ.क. नलाग्ने) | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने) | जमानत रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति/समय |
|---|---|---|---|---|---|
| Goods/NCB /07/2081/82 | औषधी खरिद | ने.रु. ४४,८२,९९९।९७ | ने.रु. ३०००।- | ने.रु. १,१५,०००।- | २०८१/०७/२३, १२:०० बजे |

**Kumakh Rural Municipality**
**Office of Rural Municipal Executive**
**Karnali Province**
**Ragechaur, Salyan**

**Invitation for Bids**

**Date of publication: 2081/06/23 (2024/10/09)**

**Invitation for Bids for the: Palika Khelkud Field Constuction Work and Palika Gherbaar Tatha Garden Construction work.**

Kumakh Rural Municipality Office, Salyan invites only electronic bids from Nepalese eligible bidders for the construction of below mentioned works under National Competitive Bidding procedures

| S. No. | Contract No. | Description | Bid Security | Exclusive of VAT and Contingencies | Bid document Deposit fee NRs |
|---|---|---|---|---|---|
| 1 | KRM-NCB-W-01/2081/082 | Palika Khelkud Field Constuction Work. | 53,000 | 17,09,124.14 | 3000 |
| 2 | KRM-NCB-W-02/2081/082 | Palika Gherbaar Tatha Garden Construction work | 1,12,000 | 34,63,686.36 | 3000 |

1. Eligible Bidders may obtained further information & inspect the bidding document at Kumakh Rural Municipality, Office of Rural Municipal Executive, Ragechaur salyan. Phone : 9857844801, Email: ito.kumakh2073@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp, Bidders submitting their bid electronically, should deposite NRs.3000 for the cost of bidding document in the project Rajaswa(revenue) account as specified below and the scanned copy(pdf format) of the Bank deposite vouchar shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Name of the Bank : Himalayan Bank Ltd, Kumakh Branch**
   **Name of Office : Kumakh Rural Municipality, Ragechaur salyan**
   **Rajaswa (revenue) Account No : 05907797630011**
   **Office Code : 305016001**
   **Revenue Code Number : 14229**
3. Electronic bids must be submitted to the office Kumakh Rural Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon 2081/07/23 (08-11-2024). Bids receive after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 13:00 Hrs on 2081/07/23 (08-11-2024) at the Kumakh Rural Municipality Office, salyan. Bids must be valid for a period of 90 day's and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum of above bids security, which shall be valid for 30 day's beyond the validity period of the bid.
5. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

Invitation for Bid
**Kedarsyun Rural Municipality**
**Office of the Kedarsyun Rural Municipal Executive**
**Deura, Bajhang, Sudurpashchimpardesh, Nepal**
**Invitation for Bids for the KRM/NCB/Works-02/2081/082**
**Date of publication: 2081/06/23 (09 Oct, 2024)**

1. Kedarsyun Rural Municipality invites electronic bids from eligible bidders for the Construction of Deura and Jhota Seti River RCC Counterfourt Wall Deura ward 1 and 9 under National Competitive Bidding- Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications specified in table below should participate in this bidding:
2. Only eligible bidders with the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs.3,36,77,000.00.
   Minimum Work experience of similar size and nature (ie. at least one Government/Private R.C.C. Building Construction Experience within last 10 years);Value of Service for Single Project: NRs 89,81,000.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kedarsyun Rural Municipality Deura, Bajhang, Phone: 9858454835 / 9858490682 / 9858485003 email: kedarasyumun@gmail.com] or www.kedarasyumun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder have only option to submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of Rs 1000.00 bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nepal Investment Bank Jhota, Bajhang**
   **Name Of the Office : Kedarsyun Rural Municipality Deura, Bajhang**
   **Account no. : 07501400250009**
5. Pre-bid meeting shall be held at Kedarsyun Rural Municipality Deura, Bajhang at 1:00 PM on 2081/07/14(oct 30, 2024)
6. Electronic bids must be submitted to the Kedarsyun Rural Municipality Deura, Bajhang through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 Noon on 2081/07/23 (8 Nov, 2024). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 pm on 2081/07/23 (8 Nov, 2024) at Kedarsyun Rural Municipality Deura, Bajhang 8. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 5,61,300.00 which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
   **Name of the Bank : Nepal Investment Bank Jhota, Bajhang**
   **Name of Office : Kedarsyun Rural Municipality Deura, Bajhang Dharuti Khata**
   **Account no. : 07501400250153**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

| IFB No. | Description of work | Procurement Method | Specific Nature of similar work Experience | Bid security Amount NRs. | Price Of Bid Aomunt Nrs. |
|---|---|---|---|---|---|
| KRM/NCB /Works-02/2081/082 | Construction Of Deura and Jhota Seti River RCC Counterfourt Wall Deura ward 1 and 9 | Single Stage Two Envelope | 1.P.C.C for RCC (M15, M20Grade) Works-115.00Cum2. TMT 500 Rainforcement work -14,300.00 KG | 5,61,300.00 | 5,000.00 |

मध्यान्ह
www.madhyanhadaily.com
२३ असोज २०८१, बुधबार
9 October 2024, Wednesday

## सम्पादकीय

# जनताले पाउने अवसर

दशैं, तिहार, छठ सहित ठूला चाडबाँडको उत्सवकै बीच राजनीतिक दलहरू उपचुनावको चटारोमा देखिएको छ । आगामी १६ मंसिरमा स्थानीय तहमा रिक्त स्थानमा उपचुनाव हुने भएकाले दलहरूमा त्यसको चटारो देखिनु स्वभाविक पनि हो । किनकि तिहार सकिएको एक महिनाभित्रै स्थानीय तहको उपचुनाव हुनेछ । त्यसैले दशैं, तिहार जस्ता चाडबाँडकै बीच दलहरूले उपचुनावको तयारी अगाडि बढाएका हुन् । सत्ता साझेदार नेपाली कांग्रेस र नेकपा एमालेले उपचुनाव एक्लै लड्ने निर्णय गरिसकेका छन् । केन्द्रीय कार्य समिति बैठक राखेरै कांग्रेसले एक्लै प्रतिस्पर्धामा उत्रने निर्णय गरेको थियो । लगत्तै एमालेले सचिवालय बैठकबाट कसैसँग चुनावी सहकार्य नगर्ने निर्णय गर्‍यो । कांग्रेस र एमालेपछि माओवादी केन्द्रले पनि उपचुनावबारे निर्णय गरेको छ । माओवादीले कांग्रेस–एमालेजस्तै हुबहु निर्णय गरेन । सकेसम्म एक्लै उपचुनाव लड्ने, तर गठबन्धनका निम्ति पनि खुला रहने निर्णय माओवादीले गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी सहितका साना दलहरूले पनि उपचुनावबारे तयारी अगाडि बढाएका छन् ।

यसपटक कांग्रेस, एमाले र माओवादीले गरेको निर्णय अर्थपूर्ण छ । किनकि यसअघिका आमचुनाव र उपचुनावमा समेत गठबन्धन हुन थालेको थियो । २०७४ को स्थानीय चुनावमा माओवादीले कांग्रेससँग गठबन्धन गरेको थियो । आमचुनावमा माओवादीले एमालेसँग गठबन्धन गर्‍यो । एमाले र माओवादीबीच गठबन्धन हुँदा कांग्रेसले राप्रपासँग चुनावी सहकार्य गरेको थियो । पछि एमाले र माओवादीबीच पार्टी एकता नै भयो । तर त्यो एकता बीचैमा टुटेकाले गत संघ, प्रदेश र स्थानीय चुनावमा एमालेविरूद्ध पाँच दलीय गठबन्धन भएको थियो । एमालेले पनि केही स्थानमा जसपा नेपाल र राप्रपासँग गठबन्धन गरेको थियो । तर गठबन्धनको भावना बमोजिम राजनीतिक संस्कृति कायम रहन सकेन । त्यसबेला चुनावमा देखिएको समीकरणहरू सरकार बन्दा लगातार भत्काउने काम भयो । त्यसैले यो उपचुनावमा गठबन्धन नगर्ने निर्णय अर्थपूर्ण छ ।

राष्ट्रिय राजनीतिक र दलहरूका निम्ति जति अर्थपूर्ण छ, त्यति नै महत्व जनताका निम्ति पनि यो उपचुनाव हुनेछ । किनकि यो उपचुनावबाट जनताले दलहरूलाई एक्लाएक्लै समीक्षा गर्ने अवसर पाउने देखिन्छ । यदि अहिलेको परिस्थिति परिवर्तन भएन भने कांग्रेस, एमाले र माओवादीका फरकफरक उम्मेद्वार हुनेछन् । त्यसैले दलहरूलाई उसको निर्णयका आधारमा समीक्षा गर्ने अवसर पाउनेछन् । जबकी गठबन्धनबाट उम्मेदवार बन्दा जनताले कुनै दल विशेषको एजेण्डालाई हेरेर मतदानको अवसर पाउदैनन् । केन्द्रले गर्ने निर्णय र छान्ने उम्मेद्वार मध्ये एउटालाई मतदान गर्नु मतदाता विवश हुने गर्छन् । तर गठबन्धन नहुने हो भने दलहरू उल्टै योग्य उम्मेद्वार उठाउन दबावमा पर्नेछन् । किनकि जनताले नरूचाएका व्यक्ति उम्मेद्वार बन्दा जित्न संभव हुँदैन । त्यसैले लोकतन्त्रकै निम्ति पनि एकल प्रतिस्पर्धा धेरै हदसम्म उपयुक्त हुनेछ । यो अवधिमा सबैजसो दल सरकारमा गएकाले पनि यो उपचुनाव मतदाताकै पनि परीक्षा हुनेछ । चाडबाँडका बेला हुने भेटघाटमा विमर्शका निम्ति यो एउटा एजेण्डा बन्न सक्नेछ ।

# डिजिटल दक्षिणा

*दक्षिणालाई डिजिटल बनाउँदा पैसाको बचत हुने, नोटको आयु बढ्ने, नोट छपाइ खर्च बच्ने र खुद्रा नोट व्यवस्थापनको समस्या पनि नरहने हुन्छ ।*

अग्रलेख



● सन्दिप वि.क

हिन्दु धर्मावलम्बीहरूको महान् चाड बडादसैं घर आँगनमा भित्रिसकेको छ । दसैंमा परम्परादेखि नै ठुलाबडाले टिका, जमरा लगाउँदै आशिष् दिनुका साथै गक्षअनुसार दक्षिणा दिने परम्परा पनि चलिआएको छ । जसको प्रभाव ठुला पर्वहरू आउँछन्, तब हाम्रा बैंकहरूमा नयाँ नोट साट्नेहरूको भिड लाग्ने गर्दछ । चाडपर्वमा नयाँ नोटको माग हुनुको मुख्य कारण पनि आफन्तजनहरूलाई दक्षिणा दिन, बालबच्चालाई नयाँ नोट दिएर खुसी पार्न हो । नेपाल राष्ट्र बैंकको तथ्यांकलाई हेर्दा, नेपालमा वर्षेनि करिब चार सय मिलियन नयाँ नोट प्रिन्टिङमा खर्च हुने गरेको छ । त्यसैगरी करिब ४० देखि ५० बिलियन बराबर नोट नष्ट गरिँदै आएको छ ।

सर्वसाधारणहरूको लापरबाहीले गर्दा नै नोट काटिने, च्यातिने, रङ लाग्ने र झुत्रो हुने हुँदा नष्ट गर्नुपर्ने बाध्यता रहिआएको । यदि सर्वसाधारणले उक्त नोटहरूको जतन गर्ने हो भने नोट प्रकाशनमा वर्षेनि हुने करिब चार सय मिलियन रकम बचत हुने जानकारहरू बताउँछन् । सोही कुरालाई मध्यनजर गर्दै यस वर्ष पनि नेपाल राष्ट्र बैंकले नयाँ नोट साट्नुको सट्टा सुकिला नोट नै सटही गरेको छ । तर, सुकिला नोटमा नयाँ नोटको जस्तो उत्साह देखिएको छैन ।

आज विश्व नै डिजिटलतर्फ उन्मुख भइरहेको बेला हामीले मनाउने चाडपर्वहरूलाई पनि समयानुकूल डिजिटलतर्फ लैजान आवश्यक देखिन्छ । आफन्तजनहरूप्रति गरिने दक्षिणा डिजिटल युक्त बनाइ त्यसको आधुनिकीकरण गर्नु अपरिहार्य छ । देशको ठूलो रकम नोट प्रिन्टमा खर्च हुने हुँदा नयाँ नोटको मागलाई घटाइ डिजिटल दक्षिणा गर्न सकिन्छ । पछिल्लो केही वर्षयता 'डिजिटल दक्षिणा'का विषयमा चर्चा र बहस हुँदै आएको छ । नोटको सुरक्षाका लागि पनि दसैंमा डिजिटल दक्षिणा दिनुपर्छ भन्ने तर्क विज्ञहरूको छ ।

विगतका वर्षहरूमा कोरोना भाइरस (कोभिड-१९)को महामारीको बेला डिजिटल कारोबारले खुब चर्चा पाएको थियो । यही चर्चाका बिच केही बैंकहरूले चाडपर्वलाई जोडेर डिजिटल दक्षिणाको फ्रेम वर्क बनाएका हुन् । बैंकले दसैंमा डिजिटल दक्षिणा दिनेहरूलाई आकर्षक उपहार नै दिने गरी योजना सार्वजनिक गरेका छन् । राष्ट्र बैंकको नीति पनि डिजिटल दक्षिणालाई प्रवर्द्धन गर्ने खालको छ । यसर्थ, दसैंमा नोटबाट होइन, डिजिटलबाट दिने परिपाटीलाई अगाडि बढाइनुपर्छ ।

नेपाल राष्ट्र बैंकको तथ्यांकले पनि पछिल्लो समय मोबाइल बैंकिङ प्रयोगकर्ताहरूको संख्या दिनप्रतिदिन बढेको देखाउँछ । चालु आर्थिक वर्षको पहिलो महिना तीन लाख १२ हजारले मोबाइल बैंकिङ प्रयोगकर्ताहरूको संख्या थपिएको छ । सार्वजनिक तथ्यांकअनुसार भुक्तानी साधनहरू मध्येको एक मोबाइल बैंकिङ प्रयोगकर्ताहरूको संख्या साउन मसान्तसम्म दुई करोड ४९ लाख ६१ हजार १६५ पुगेको हो । अघिल्लो महिना २०८१ असार मसान्तसम्म यस्तो संख्या दुई करोड ४६ लाख ४८ हजार ८४६ रहेको थियो ।



समीक्षा अवधिमा मोबाइल बैंकिङमार्फत कूल तीन खर्ब ७७ अर्ब ६३ करोड २० लाख रुपैयाँ भुक्तानी कारोबार भएको थियो । २०८१ असारमा यस्तो कारोबार तीन खर्ब ७३ अर्ब ९७ करोड ८० लाख रुपैयाँ भएको थियो । समीक्षा अवधिमा दुई करोड ४२ लाख ५७ हजार विभिन्न भुक्तानी वालेट प्रयोगकर्ताहरूमार्फत जम्मा ४३ अर्ब ६९ करोड ८० लाख रुपैयाँ कारोबार भएको बैंकले जनाएको छ । अघिल्लो असार पहिलो वालेटमार्फत ३८ अर्ब १४ करोड ८० लाख रुपैयाँ कारोबार भएको थियो । यसैगरी, समीक्षा अवधिमा आरटीजीएस सिस्टममार्फत १०८ खर्ब तीन अर्ब दुई करोड रुपैयाँ कारोबार भएकोमा कनेक्ट आइपीएसमार्फत पाँच खर्ब २५ अर्ब ३३ करोड रुपैयाँ, इन्टरनेट बैंकिङमार्फत २२ अर्ब ४९ करोड रुपैयाँ कारोबार भएको थियो ।

यस्तै, समीक्षा अवधिमा डेबिट (एटीएम) कार्डमार्फत ९१ अर्ब ९३ करोड रुपैयाँ कारोबार हुँदा क्रेडिट कार्डमार्फत जम्मा दुई अर्ब रुपैयाँको कारोबार भएको थियो । यसरी पछिल्लो समय मोबाइल बैंकिङ प्रयोगकर्ताको संख्या बढिरहेको बेला हामीले दिने दक्षिणा वा अन्य भुक्तानीहरू डिजिटल माध्यमबाट नै सुरुवात गर्न आवश्यक छ । प्रत्येक व्यक्तिले क्युआर साथमै लियौं र भुक्तानी गर्दा वा प्राप्त गर्दा त्यसको प्रयोग गरौं । खुद्रा पैसाको झन्झट पनि नहुने, कारोबार गर्न साथ बैंकको ब्याज सुरु हुने, चोरी हुनबाट बच्ने तथा पैसा जम्मा गर्नकै लागि झोला लिएर हिँड्न नपर्ने भरपर्दो र विश्वासिलो तथा सजिलो माध्यम डिजिटल कारोबार भएकाले यो सम्पूर्णको लागि महत्वपूर्ण छ । त्यसैले यो वर्ष सम्पूर्ण प्रयोगकर्ताबाट नै डिजिटल दक्षिणाको सुरुवात गरौं र परम्परागत दक्षिणा शैलीलाई आधुनिकीकरण गर्दै खातामा नै

> *आज विश्व नै डिजिटलतर्फ उन्मुख भइरहेको अवस्था छ । यसर्थ, हामीले मनाउने चाडपर्वहरूलाई पनि समयानुकूल डिजिटलतर्फ लैजान आवश्यक छ । दसैंमा आफन्तजनहरूलाई गरिने दक्षिणा डिजिटलयुक्त बनाउँदै आधुनिकीकरणतर्फ इँटा थपौं ।*

रकमान्तर गरेर डिजिटल कारोबारलाई बढवा दियौं । यसले पैसाको बचत, नोटको हिफाजत तथा छपाइ खर्च बच्ने हुन्छ ।

डिजिटल दक्षिणाले मुलुकको आर्थिक भार कटौती गर्न मद्दत पुग्नुका साथै, आर्थिक सुरक्षा पनि वृद्धि गर्नेछ । दसैंमा डिजिटल दक्षिणाको सुरुवात हुनु सबैका लागि राम्रो हो । कतिपय विज्ञको भनाइलाई लिने हो भने चाडपर्वमा नयाँ नोट सटही बन्द गरिनुपर्छ । यदि त्यसो गरिएमा मानिसहरू बाध्यकारीरुपमा पनि डिजिटल दक्षिणामा निर्भर पर्ने अवस्था हुन्छ । नोट व्यवस्थापनको लागत र अप्ठ्याराहरू धेरै छन् । जसलाई हेर्दा पनि डिजिटल कारोबारलाई बढवा दिनु हितकर हुन्छ ।

दक्षिणालाई डिजिटल बनाउँदा पैसाको बचत हुने, नोटको आयु बढ्ने, नोट छपाई खर्च बच्ने, बैंकलाई खुद्रा नोट व्यवस्थापनको टाउको दुखाइ पनि हुँदैन । सानो इकाईका खुद्रा नोटहरू व्यवस्थापन गर्न पनि राष्ट्र बैंकलाई सकस हुँदै आएको छ । यसैले बैंक तथा वित्तीय संस्थाहरूको कतिपय शाखाहरूमा झल्टमा होइन झल्ट रुममै नअट्ने गरी खुद्रा नोटहरू थुप्रिएका छन् । खुद्रा नोट व्यवस्थापन साँच्चै नै समस्याको रूपमा रहेको छ । जसको विकल्पको रुपमा पनि डिजिटल कारोबारलाई लिन सकिन्छ । आगामी दिन त्यो दिशातर्फ हामी सबै लाग्नुको पनि विकल्प छैन ।

## सामाजिक सञ्जाल



- भीमार्जुन आचार्य

सडकको यो हालतको कारण पछिल्लो विपद् नभई सरकारको वर्षौंको कायरता र निर्लज्जता हो । हामी र हाम्रो समाजलाई राज्य सञ्चालकहरूले ढुङ्गे युगमा पुर्‍याका छन् । सायद, यही नै उनीहरूले भन्ने गरेको रूपान्तरण/छलाङ हो ।



- तारानाथ दाहाल

सरकार पनि गजबको छ; अर्थतन्त्र व्यवस्थापन र सुधार गर्नु नै अर्थ मन्त्रालय, योजना आयोग र राष्ट्र बैंकको जिम्मेवारी हो । सोले नपुगेर नीति प्रतिष्ठान पनि छ । तर, फेरी तिनै सरकारी निकायका मानिस राखेर अर्को आयोग ! अर्थ मन्त्रालय सुधार आयोगमा पनि सबै बुटवल क्षेत्रकै ।



- रञ्जित तामाङ

अवैध क्रसर र डोजरको अन्धाधुन्ध प्रयोगले अकल्पनीय विपद् झेलेको यतिका दिन भइसक्यो तर, कुनै पनि राजनीतिक दलले 'अवैध क्रसर बन्द गरौं', 'जथाभावी डोजर चलाउन नदिऊँ' वा 'छानबिन गरौं' भनेर आधिकारिक रूपमा बोलेनन् । डोजर र क्रसरबाट पेट पाल्नेहरू नबोल्नु स्वाभाविक हो ।



- हरि रोका

राज्य दोहनको कमिसन राहत कोषमा दान ! डाँडा, वन, पाखा, चुरे, नदी-नालाको अनावश्यक दोहन गर्न अर्ब लिएर लाइसेन्स बाँड्ने, दान चाहिँ लाखमा झारो टार्ने ? नचाहिने ढर्रा ! दान नगरौं ! बरु जथाभावी लाइसेन्स नबाँडौं । सक्नुहुन्छ भने सत्तामा हुँदा वातावरण अध्ययन, रिसर्च र विकासका लागि प्रतिबद्धता गर्नुस् ।

# चाडपर्वलाई बेथितिमुक्त बनाउने सवाल

विचार



● खिमराज गिरी

*ऋण खोजी-खोजी अर्काको खुसीको लागि मनाउनुभन्दा यस्ता पर्वहरूलाई मितव्ययीरूपमा, समाजलाई पनि नभड्काउने तरिकाले आफ्नो गच्छेअनुसार मनाउन सकियो भने पारिवारिक सद्भाव बढ्नुको साथै, ऋणको भारबाट पनि मुक्त हुन सकिन्छ । अन्यथा, चाडवाडको नाममा एकातिर खुसी छाए पनि सो पर्व सकिएको भोलिपल्ट निदारमा हात लगाउनुको विकल्प हुने छैन ।*

नेपालमा सबैभन्दा महत्वपूर्णरूपमा मनाइने चाडबाडहरूमा दशैं पनि एक हो । यसको महत्व धेरै पक्षहरूसँग सम्बन्धित छ । यो चाड सबै वर्ग, उमेर, समूह, उमेर तथा समुदायका मानिसहरूद्वारा भब्यरूपमा मनाइन्छ । दशैंलाई पारिवारिक पुनर्मिलन, आशीर्वाद लिनेदिने र विश्वासको चाडको रूपमा पनि लिइन्छ ।

### ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्व

